# खण्ड-१
# दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

## आ.व. ०७९/८० को आन्तरिक आय सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०४/२६**

यस सुर्योदय नगर कार्यपालिकाले लगाउन सक्ने देहायका कर, शुल्क तथा दस्तुर संकलन गर्ने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति भए नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी , फर्म वा कम्पनी वा संगठीत संस्था भएमा आ.व. ०७८/७९ सम्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी साथै राखी रू. १०००।–(अक्षरेपी एक हजार) मात्र (पछि फिर्ता नहुने गरी) नगदै बुझाई दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन ( **मिति २०७९/०५/०९ गते** ) कार्यालय समय भित्र खरिद गरी १६ औं दिन (**मिति २०७९/०५/१० गते**) को १२:०० बजे भित्र यस कार्यालयको राजश्व शाखामा दाखिला गर्ने गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ठेक्काको विवरण :-**

| ठेक्का नम्बर | ठेक्काको नाम | कर संकलन गर्ने क्षेत्रहरु | न्यूनतम ठेक्का अङ्क रु. (मू.अ.कर बाहेक) | जमानत रकम | जमानतको मान्य अवधी |
|---|---|---|---|---|---|
| SUMO/ILAM/SQ/REVENUE 01-079/080 | साप्ताहिक हाटबजारबाट असुल गरिने बहाल विटौरी कर असुली ठेक्का | फिक्कल बजार, तिनघरे बजार, पशुपतिनगर बजार र हर्कटे बजार | ५,००,०००/- | १२,५००/- | ७५ दिन |
| SUMO/ILAM/SQ/REVENUE 02-079/080 | श्रीअन्तु पोखरीमा डुङ्गा सयर | श्रीअन्तु पोखरी क्षेत्र | ३,५०,०००/ | ९,०००/- | ७५ दिन |
| SUMO/ILAM/SQ/REVENUE 03-079/080 | कन्याम पर्यटकीय क्षेत्रमा लगाइने सरसफाई शुल्क तथा ट्रली ब्यावसाय र घोडचढी ब्यवसाय समेत | कन्याम क्षेत्रभित्र | १५,००,०००/- | ३८,०००/- | ७५ दिन |
| SUMO/ILAM/SQ/REVENUE 04-079/080 | वडा नं २ को भुईतलाको २ वटा सटर भाडा | पशुपतिनगर | १,४४,०००/- | ४,०००/- | ७५ दिन |
| SUMO/ILAM/SQ/REVENUE 05-079/080 | चमेना गृह संचालन | नगरपालिकाको परिसर भित्र रहेको भवन | २,६५,४८६.७२ | ८,०००/- | ७५ दिन |

**नोटः-** यस सम्बन्धमा थप जानकारीका लागि कार्यालय समयमा मो.नं. ९८४४६०८२९६ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# खण्ड-३

# दरभाउ पत्र सम्बन्धी जानकारी

| |
|---|
| दरभाउ पत्रको नामः- वडा नं. २ को भुईतलाको २ वटा सटर भाडा<br>ठेक्का नं. :- SUMO/ILAM/SQ/REVENUE 04-079/080<br>कार्यालयको नामः-सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम। |
| दरभाउपत्रका साथ रष्ट्रिय बाणिज्य बैक फिक्कल स्थित यस नगर कार्यपालिकाको धरौटी खाता नं. २१००१००३०३००००००२ मा कम्पनी/व्यक्तिको नामवाट रु. ४,०००/- जम्मा गरेको सक्कलै भौचर वा दरभाउ पत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारवाट जमानत जारी गर्न मान्यता प्राप्त बैंक तथा वित्तिय संस्थाहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (Bid Bond) पेश गर्नुपर्नेछ। सो जमानीपत्र/भौचरमा सम्बन्धित ठेक्कापट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ। दरभाउ पत्रको मान्य अवधी ४५ दिनको हुनेछ। |
| यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ औँ दिन ( मिति २०७९/०५/०९ गते ) को कार्यालय समय भित्र व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म, कम्पनी वा संस्था भए आफ्नो फर्मको आ.व.२०७९/८० को नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व. ०७८/७९ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी राखी साथै रु.१०००।–(अक्षेरुपी रु. एक हजार मात्र) पछि फिर्ता नहुने गरी शुल्क बुझाई सूचनामा उल्लेखित स्थानबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ। |
| शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औ दिन (मिति २०७९/०५/१० गते) को १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराइसक्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र बिक्री वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ। |
| तोकिएको समयभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन (मिति २०७९/०५/१० गते) को २.०० बजे कार्यालय प्रतिनिधि, दरभाउपत्र वा निजका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सो समयमा दरभाउ पत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन। |

# खण्ड-५

# दरभाउ पत्र सम्बन्धी शर्तहरु

# दरभाउ पत्र सम्बन्धी शर्तहरु

| | |
|---|---|
| १ | ठेक्का स्वीकृत भई कबोल गरिएको ठेक्काको सम्पूर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । किस्ताबन्दीमा छुटको सुविधा दिइनेछैन । यदि किस्तावन्दीमा बुझाउन चाहेमा सम्पूर्ण ठेक्का रकमको ४०% रकम ठेक्का सम्झौताकै बखत बुझाए पछि मात्र ठेक्का सम्झौता हुनेछ। बाँकी किस्ताको हकमा ३०% ले हुने रकम ०७९ मङसिर मसान्त भित्र र बाँकी ३०% ले हुने रकम २०७९ चैत्र मसान्त भित्र यस कार्यालयमा बुझाई सक्नुपर्नेछ । तोकिएको समयमा तोकिएको किस्ता नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिनेछैन । |
| २ | एकमुष्ट रकम बुझाउनेको हकमा छुट बाहेकको सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८० भाद्र मसान्तसम्म म्याद रहनेगरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गका बैंकले जारी गरेको बैंक जमानत (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानी पूर्जी दिइनेछ । |
| ३ | ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइनेछैन । |
| ४ | ठेकेदारले ठेक्का चलन गर्दा सिलसिलेबार नम्बर सहितको ३/३ प्रति भएको नगदी रसिद आफ्नै तर्फबाट छपाई कार्यालयमा दाखिला गरी, कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाएर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्नेछ । साथै विद्युतीय माध्यम बाट असुल गर्ने भए सोको अनुमति नगरपालिकाबाट लिएको हुनुपर्ने छ । कार्यालयले माग गरेमा प्रयोग भएका नं. रसिदहरु तथा विद्युतीय माध्यममा प्रयोग भएको मेसिनको विवरणको एक प्रति उपलब्ध गराउनु ठेकेदारको कर्तव्य हुनेछ । |
| ५ | ठेक्का संचालनको सम्बन्धमा ठेकेदारले अदालत, नेपाल सरकार तथा नगरपालिकाबाट समय समयमा भएका आदेश, निर्देशन, नीति नियमको पालना गर्नुपर्नेछ । |
| ६ | ठेक्का चलान गर्दा कुनै किसिमको वाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालय बीच विवाद भएमा ऐन नियम तथा सम्झौता परिधिभित्र रही नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ । |
| ७ | ठेकेदारले दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमको दरमा मात्र कर तथा शुल्क संकलन गर्नुपर्नेछ । |
| ८ | ठेकेदारले नगरपालिकाबाट तोकिएको कर संकलन केन्द्रमा मात्र कर तथा शुल्क संकलन गर्नु पर्नेछ । |
| ९ | ठेकेदारले निर्धारित दररेट भन्दा बढी कर तथा शुल्क संकलन गरेको पाइएमा सो को दोब्बर रकम सम्बन्धितलाई फिर्ता गर्न लगाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ । |
| १० | ठेकेदारले ठेक्का रकम संकलन गर्ने केन्द्रमा स्वीकृत दररेटलाई होडिङ्ग बोर्डमा लेखी सर्वसाधारण सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ। |
| ११ | ठेकेदारको ठेक्का स्वीकृत भइसकेपछि विभिन्न बन्द, हड्ताल लगायतका अन्य अवरोधको कारणले गर्दा कर असुल गर्न अप्ठ्यारो पर्न गयो भनी कुनै पनि किसिमको छुट माग्न पाइनेछैन । नगरपालिकाले कुनै किसिमको छुट, मिनाहा दिने छैन । |
| १२ | उपरोक्त ठेक्काहरुमा उठाइने कर, दस्तुर, शुल्क, विक्री, दररेट कर संकलन केन्द्र तथा ठेक्का सम्बन्धी विशेष शर्तहरु सहितको विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । |
| १३ | यस सूचनामा उल्लेख भएको कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ । |
| १४ | फर्म वा व्यक्तिले ठेक्का स्वीकृत भएको जनाउ पत्र प्राप्त भएपछि तोकिएको म्याद भित्र कार्यालयमा सम्झौताको लागि सम्पर्कमा आउँदा व्यक्ति भएमा निजको नाममा आन्तरीक राजश्व कार्यालयबाट जारी भएको पान नं. साथ उपस्थित हुन पर्नेछ । |
| १५ | विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ । सम्पर्क नं. ९८४४६०८२९६ |